तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ | संख्याः ०३ | मितिः २०८०/०३/०९ गते

## भाग–२

## तमानखोला गाउँपालिका

### विद्यालय दरवन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्यविधि २०७६ तथा आन्तरिक संशोधन २०८०

**प्रस्तावनाः**

गाउँपालिका भित्रका विद्यालयहरुको शिक्षाको गुणस्तर सुधार गर्न, शिक्षक विद्यार्थी अनुपात मिलाउन यस गाउँपालिकाको स्थानिय शिक्षा ऐन, २०७५ को दफा १५ बमोजिम विद्यालय गाभ्न वा वन्द गर्ने प्रयोजनको लागि, सोहि ऐन को दफा १६ (४) बमोजिम गाउँ शिक्षा समितिले विद्यालय सञ्चालन, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्वन्धी राय दिन सक्ने भन्ने व्यववस्था कार्यान्वयन गर्न, सोहि ऐनको दफा २१ बमोजिम नगरपालिकाले दरवन्दी निर्धारण गर्न सक्ने, दफा २६ बमोजिम शिक्षक सरुवा गर्न सक्ने तथा दफा २७ बमोजिम दरवन्दी मिलान गर्न गाउँ शिक्षा समितिले कार्यपालिका समक्ष सिफारिस गर्न सक्ने भन्ने व्यवस्था रहे बमोजिम सो कार्य गर्न यस गाउँपालिकाको स्थानिय शिक्षा ऐन, २०७५ को दफा ६२ ले ऐन कार्यान्वयन गर्न शिक्षा समितिले आवश्यक निर्देशिका निमार्ण गर्न सक्नेछ भन्ने व्यवस्था गरे बमोजिम तथा तमानखोला गाउँपालिका शिक्षा नियमावली, २०७५ को नियम ५७(६) झ बमोजिम शिक्षक सरुवाको अन्य मापदण्ड कार्यपालिकाले तोके बमोजिम हुनेछ भन्ने व्यवस्था बमोजिम विद्यालय दरवन्दी मिलान, शिक्षक व्यवस्थापन, काज सरुवा तथा पदस्थापन गर्ने कार्यको लागि गाउँ कार्यपालिकाले यो मापदण्ड बनाई लागु गरेको छ ।

## परिच्छेद १ प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम “दरवन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्यविधि, २०७६ तथा आन्तरिक संशोधन २०८०” हुनेछ ।
२. यो कार्यविधि तमानखोला गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।
३. परिभाषाः विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा

क) “कार्यपालिका” भन्नाले तमानखोला गाउँकार्यपालिका सम्झनु पर्छ ख) “शिक्षा समिति” भन्नाले तमानखोला गाउँ शिक्षा समिति सम्झनु पर्छ ।

ग) “दरवन्दी” भन्नाले नेपाल सरकारद्वारा स्वीकृत अनुदान प्राप्त स्थायी र अस्थायी कोटा सम्झनु पर्छ ।
घ) “राहत” भन्नाले नेपाल सरकारद्वारा स्वीकृत अनुदान प्राप्त अनुदान कोटा सम्झनु पर्छ ।
ङ) “सामुदायिक विद्यालय” भन्नाले तमानखोला गाउँपालिका भित्रका नेपाल सरकारद्वारा अनुदान प्राप्त विद्यालय सम्झनु पर्छ ।

च) “गाउँपालिका अनुदान शिक्षक” भन्नाले तमानखोला गाउँपालिकाको आन्तरिक स्रोत बाट अनुदान प्राप्त कोटा सम्झनु पर्छ।

छ) “गाउँपालिका” भन्नाले तमानखोला गाउँपालिका सम्झनु

पर्छ।

## परिच्छेद २

## दरबन्दी मिलानका आधारहरू :

४. शिक्षक दरबन्दी मिलान गर्दा गाउँपालिकाले अवलम्बन गर्ने आधारहरू :

४.१ शै.स.२०७९ को अन्तिम परीक्षामा सहभागीभएका विद्यार्थी संख्याका आधारमा सत्यापन गर्दा आएको विवरण बमोजिम कक्षागत विद्यार्थी

सङ्ख्यालाई प्रयोग गर्ने।

४.२ विद्यालयमा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी/अस्थायी शिक्षक, अनुदान (राहत) ,शि.सि.अ. तथा गाउँपालिका अनुदान कोटा मा कार्यरत शिक्षकहरूको सङ्ख्यात्मक विवरण तयार गर्ने।

४.३ अवधि तोकी काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलब भत्ता पाउँदछन् सोही विद्यालयको शिक्षकमा गणना गर्ने र अवधि नतोकेकोमा दरवन्दी जुन विद्यालयमा रहेको छ सोही विद्यालयमा गणना गर्ने। यस गाउँ क्षेत्रबाट अन्य क्षेत्रमा काजमा गएका शिक्षकहरुलाई तुरुन्त काज फिर्ता गराउने।

४.४ शैक्षिक सत्र २०७९ का लागि न्यूनतम विद्यार्थी सङ्ख्या कायम गर्दा कक्षा १–३ संचालित विद्यालयमा कम्तिमा १५जना विद्यार्थी सङ्ख्या भएमा यथावत राख्ने, कक्षा १–५ संचालित विद्यालयमा कम्तिमा ४५जना विद्यार्थी सङ्ख्या भएमा यथावत राख्ने, कक्षा ६–८ संचालित विद्यालयमा कम्तिमा कक्षा ६–८ मा ३८ जना विद्यार्थी सङ्ख्या भएमा यथावत राख्ने, कक्षा १–५ संचालित विद्यालयमा कम्तिमा १५जना विद्यार्थी सङ्ख्या वा माथि उल्लेखितभन्दा कम विद्यार्थी सङ्ख्या भएमा त्यस्ता विद्यालयहरूलाई एकीकरण/समायोजन तथा कक्षा/तह घटाउने। कक्षा ९–१२ संचालित विद्यालयमा बढीमा ९ जना शिक्षक कायम गर्ने। समायोजन भएका विद्यालयमा कम्तिमा एउटा बालविकास केन्द्र कायम गर्ने।

४.५ एउटै शिक्षकले एकै पटक एउटा भन्दा बढी कक्षा पढाउनु पर्ने अवस्थामा गाउँ शिक्षा समितिले तोके बमोजिम सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया हुनुपर्ने विद्यार्थी सङ्ख्याको ५० प्रतिशतभन्दा बढी विद्यार्थी भएमा बहुकक्षा शिक्षण गर्ने।

४.६ एउटै कक्षामा विद्यार्थी सङ्ख्या बढी भई वर्ग (सेक्सन) खोल्नु पर्ने अवस्थामा प्रति कक्षा ४५ जना मापदण्ड बमोजिमको विद्यार्थी सङ्ख्याको चालिस प्रतिशत भन्दा बढी विद्यार्थी अर्थात ६३ जना भन्दा बढी विद्यार्थी भएमा वर्ग (सेक्सन) को व्यवस्था गरी प्रति सेक्सन १ शिक्षक दरवन्दी थप गरीगणना गर्न सकिने।

४.७ तर भौगोलिक विकटताको कारणबाट कठिन ठाउँमा रहेको र एकीकरण ९:भचनभ० गर्न नसकिने अवस्थाका विद्यालयहरूमा आवश्यकताअनुसार बहुकक्षा शिक्षण ९:गतिष नचबमभतभबअजष्लन० पद्धतिबमोजिम शिक्षण गराउने व्यवस्था मिलाई विद्यालय कायम गर्ने।

५. विद्यालयगत एवम् तहगत शिक्षक विद्यार्थी अनुपात निकाल्ने।

५.१ शिक्षक थप वा घट गर्नु पर्दा विद्यार्थी संख्या तथा विषयगत मिलान हुने गरी मिलान गर्दै जाने।

६. विद्यालयगत एवम् तहगत रूपमा आवश्यक शिक्षक ब्यवस्था गर्दा लिइने आधारहरू :

६.१ कक्षा १-३ सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा

६.१.१ कक्षा १–३ संचालित विद्यालयमा न्यूनतम १ ओटा र अधिकतम् ३ वटा सम्म दरबन्दी (स्वीकृत/राहत/गा.पा.अनुदान कोटा) कायम गर्दै जाने।

६.२ कक्षा १-५ सञ्चालन भएका सामुदायिक विद्यालय (तह) को सम्बन्धमा :

६.२.१ कक्षा १–५ संचालित विद्यालयमा न्यूनतम ३ ओटा र अधिकतम् ५ वटा दरबन्दी(स्वीकृत/राहत/गा.पा.अनुदान ) कायमगर्दै जाने ।

६.३ आधारभूत तह (कक्षा ६-८) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा :

६.३.१ विद्यालयमा कक्षा (६-८)सञ्चालन भएका विद्यालयमा न्यूनतम ३ ओटा र सो भन्दा बढी भएमा क्रमानुसार थप्दै जाने। र माध्यमिक विद्यालय सञ्चालनमा रहेको ६–८ विद्यालयमा एक वटा कम्प्युटर शिक्षक नियुक्ति गर्दै जाने। शिक्षक नियुक्ति गर्दा प्राथमिकताको आधारमा (अंग्रेजी-१, गणित/विज्ञान- १, नेपाली-१, सामाजिक-१ गरी ४) ओटासम्म आधारभूत तह कक्षा ६-८) कोशिक्षक दरवन्दी कायम गर्दै जाने।

६.४ माध्यमिक तह (कक्षा ९-१०) सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा :

६.४.१ कक्षा (९-१०) सञ्चालन भएका विद्यालयमा कम्तिमा ५ शिक्षक दरवन्दी (अंग्रेजी-१,विज्ञान/गणित-१, नेपाली-१, सामाजिक-१ गरी ५) ओटासम्म माध्यमिक तहको शिक्षक दरवन्दी दरवन्दी/राहत ,गा.पा.अनुदान कोटा) कायम गर्दै जाने। कक्षागत वर्ग खोल्न परेमा सोहिअनुसार थप्दै जाने।

६.५ माध्यमिक तह (कक्षा ११-१२) सञ्चालन भएका सामुदायिक विद्यालयको

सम्बन्धमा :

६.५.१ कक्षा (९-१२) सञ्चालन भएका विद्यालयमा मा वि तह कक्षा (९- १०)को ५ वटा र मा वि तह कक्षा ११– १२ को २ वटा गरी जम्मा ७ वटा सम्म उपलब्ध दरबन्दी तथा अनुदान कोटाको आधारमा कायम गर्दै जाने। सो भन्दा बढी भएमा क्रमानुसार थप्दै जाने।

## परिच्छेद ३

## शिक्षक व्यवस्थापन, मिलान तथा पदस्थापनका आधारहरू

७. दरवन्दी मिलान पछि गर्ने शिक्षक व्यवस्थापन सम्बन्धमा :

७.१ भौगोलिक विकटताको कारणबाट कठिन ठाउँमा विद्यार्थी संख्या कम भएतापनि एकीकरण ९:भचनभ० गर्न नसकिने विद्यालयहरूको हकमा मापदण्ड बमोजिमको शिक्षक दरवन्दी नभएमा आवश्यकताअनुसार बहुकक्षा शिक्षण ९:गतिष् न्चबमभ त्भबअजष्लन० पद्धतिबमोजिम शिक्षण गराउने व्यवस्था मिलाउने ।

७.२ उपर्युक्त बमोजिम दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षक दरवन्दी तथा राहत) लाई गाउँ शिक्षा समितिको पुल दरबन्दीमा राखी अन्य विद्यालयमा काजमा खटाउँदा शिक्षक दरवन्दी कमी भएका विद्यालयहरूमा काजमा खटाउने ।

७.३ शिक्षक दरबन्दी कटौती गर्दा सर्वप्रथम गाउँपालिका अनुदान कोटा शिक्षक,शि.सि.अनुदान कोटा शिक्षक,दोस्रोमा शिक्षक अनुदान ( राहत) कोटामा रहेका,, तेस्रोमा अस्थायी र चौथोमा स्थायी नियुक्ति मितिलाई कनिष्टतम शिक्षक मानी गाउँ शिक्षा समितिको पुल दरबन्दी कायम गरी मिलान गर्ने ।

७.४ (क) अपाङ्ग शिक्षकको हकमा अपाङ्गताको प्रकृति हेरी विद्यालयबाट कोटा कट्टी हुँदा निजहरूले चाहेको शिक्षक विद्यार्थी अनुपात ९क्त्व्० बढीभएका दरवन्दी अनुदान कोटा थपहुने विद्यालयमा खटाउन व्यवस्था गर्ने । तर अपाङ्गता भएको शिक्षकको हकमा निजको प्राथमिकताको आधारमा खटाउन नसकि शारिरीक समस्या पर्ने भएमा कनिष्ठताको आधारमा निज पछिको दोस्रो कनिष्ठ व्यक्तिलाई अन्य विद्यालयमा मापदण्ड बमोजिम काज सरुवा गर्ने ।

(ख) महिला शिक्षकको हकमा काज सरुवा गर्दा अपाङ्गता भएका शिक्षक पछि दोस्रो प्राथमिकता दिई काज सरुवा गरिने छ ।

७.५ अपाङ्गता भएका बालबालिकाहरूका लागि स्रोतकक्षा सञ्चालित विद्यालयकास्रोतशिक्षकको सम्बन्धमा विशेष शिक्षा सञ्चालन निर्देशिका, २०६२ बमोजिम हुने साथै दरबन्दी मिलान गर्ने क्रममा ज्यादै न्यून विद्यार्थी सङ्ख्या भएका र भौगोलिक समीपमारहेका विद्यालय/स्रोतकक्षाहरूलाई एकीकरण गर्न ९:भचनष्लन० प्रोत्साहन गर्ने । यसरी एकीकरण भएका दुवै विद्यालयका शिक्षकहरूलाई एकीकृत विद्यालयमा राख्ने र शिक्षक विद्यार्थी अनुपातका आधारमा दरबन्दी थप हुने विद्यालयमा माथि उल्लेख भए बमोजिम व्यवस्थापन गर्ने ।

७.६ अनुसुचि १ बमोजिमको ढाँचामा प्राप्त निवेदनहरु मध्ये सर्वप्रथम पाएक पर्ने विद्यालय तथा सम्बन्धित वडा र समीपवर्ती वडाका विद्यालयमा दरवन्दी उपलब्धताको आधारमा शिक्षकहरूलाई जेष्ठताका आधारमा पदस्थापन गर्दै जाने । तर पदस्थापना गर्दा अपाङ्गता भएका शिक्षकलाई पहिलो र महिला शिक्षकलाई दोस्रो प्राथमिकता दिई काज सरुवा गरिने छ ।

७.७ सकेसम्म निवेदकले माग गरेको विद्यालयमा प्राथमिकताको आधारमा रोजिएको विद्यालयमा खटाउने र प्रा. वि. को दरवन्दी थप भएका मा. वि. हरुको हकमा दरवन्दी मिलान गर्दा आवश्यक विषय शिक्षकको उपलब्धता र नियमले तोकिएको शैक्षिक योग्यताको आधारमा काज सरुवा गर्न सकिनेछ ।

७.८ अन्यथा गाउँ शिक्षा समितिको सिफारिसमा गाउाकार्यपालिकाले रिक्त स्थान तथा थप हुने विद्यालयमा खटाउन सक्नेछ । यसरी खटाउदा अन्तर विद्यालय तथा पारस्पारीक गर्न सकिनेछ ।

७.९ दरबन्दी मिलान गरी कमी वा बढी हुने शिक्षकहरूको विद्यालयगत र विषयगत दरवन्दी विवरण एकीन तथा तयारीका साथै गाउँपालिका स्तरीय समष्टिगत विवरण तयार गर्ने र सालिन्दा अद्यावधिक गर्दै जाने ।

७.१० प्रत्येक विद्यालयमा एउटा बालविकास केन्द्रको व्यवस्था मिलाउने ।

७.११ कक्षा समायोजन भएका, तह समायोजन भएका तथा विद्यालय समायोजन भएका विद्यालयहरुमा आगामी शैक्षिक सत्रमा विद्यार्थी संख्या बढ्दै गएमा पुन: कक्षा थप गर्न सकिनेछ ।

## परिच्छेद ४

### ८. दरबन्दी कायम गर्ने अन्य आधारहरु :

क) कक्षा १–३ सञ्चालित सामुदायिक विद्यालयमा २ वटा दरबन्दी,कक्षा १–४ विद्यालयमा ३ वटा दरबन्दी ,कक्षा १–५ विद्यालयमा ४ वटा दरबन्दी रहनेछन् तथा विद्यार्थी न्यून भएको अवस्थामा दरबन्दी संख्या कटौती गरी आवश्यकताअनुसार बहुकक्षा शिक्षण ९:गतिष् न्चबमभ त्भबअजष्लन० पद्धतिबमोजिम शिक्षण गर्न सकिने छ ।

**ख) कक्षा १–३ सञ्चालित सामुदायिक विद्यालयको अवस्थामा** :

१.कक्षा १–३ मा विद्यार्थी संख्या १५ जना भएमा १ वटा दरबन्दी कायम गर्ने

२.विद्यार्थी संख्या १५ देखी ३० जना भएमा २ वटा दरबन्दी कायम गर्ने

३.विद्यार्थी संख्या ३० वा सो भन्दा बढी भएमा हाल ३ दरबन्दी भएमा यथावत ३ दरबन्दी कायम गर्ने तर दरबन्दी थप गर्नुपर्ने भएमा विद्यार्थी संख्या ८०

जना नपुगे सम्म दरबन्दी थप नहुने

४.विद्यार्थी संख्या ८० भन्दा माथी भए शिक्षक विद्यार्थी अनुपात १:३५ कायम गर्ने

५.कक्षा १–३ मा २० भन्दा कम विद्यार्थी संख्या भएमा नजिकको विद्यालयमा एकिकरण समायोजन गर्ने

६.भौगोलिक अवस्था र दुरीको आधारमा स्थलगत अनुगमन गरी एकिकरण समायोजन गर्ने तथा न्यूनतम १० विद्यार्थी भएको अवस्था देखिएमा प्रारम्भिक बालविकास कक्षा सञ्चालनको व्यवस्था मिलाउने

**ग) कक्षा १–५ सञ्चालित सामुदायिक विद्यालयको अवस्थामा :**

१. विद्यार्थी संख्या २० जना सम्म भएको विद्यालयमा न्यूनतम २ दरबन्दी कायम गर्ने

२. विद्यार्थी संख्या २० देखी ५० सम्म भएको विद्यालयमा ३ दरबन्दी कायम गर्ने

३. विद्यार्थी संख्या ५० देखी ८० सम्म भएको विद्यालयमा ४ दरबन्दी रहेको भए चार दरबन्दी कायम गर्ने

४.विद्यार्थी संख्या ८० देखी १२५ सम्म भएको विद्यालयमा ५ दरबन्दी कायम गर्ने

५.विद्यार्थी संख्या २०० नपुगे सम्म दरबन्दी थप नगर्ने र सो भन्दा बढी भएमा विद्यार्थी अनुपात १:३५ कायम गर्ने

६.कक्षा १–५मा ३० भन्दा कम विद्यार्थी भएमा माथिल्लो कक्षा घटाई नजिकको विद्यालयमा एकिकरण समायोजन गर्ने

७.भौगोलिक र दुरीको आधारमा स्थलगत अनुगमन गरि एकिकरण समायोजन गर्ने तथा न्यूनतम १० विद्यार्थी भएको अवस्था देखिएमा प्रारम्भिक बालविकास कक्षा सञ्चालनको व्यवस्था मिलाउने

**घ) कक्षा १–८ सञ्चालित सामुदायिक विद्यालयको अवस्थामा :**

१. न्यूनतम प्राथमिक तहमा –३ ,आधारभूत तह (६–८) तहमा –४ गरी जम्मा ७ शिक्षक दरबन्दी कायम गर्ने

२.कक्षा(६–८) मा ३० देखी ७० विद्यार्थी सम्म भएका ३ दरबन्दी (अंग्रेजी ,गणित/विज्ञान,नेपाली ) कायम गर्ने

३.कक्षा ६–८ मा ७१ देखी १२० सम्म विद्यार्थी भएमा ४ दरबन्दी (अंग्रेजी ,गणित/विज्ञान,नेपाली ,सामाजिक) कायम गर्ने

४.विद्यार्थी संख्या (६–८) १२० भन्दा माथी भएमा ५० जना विद्यार्थी बराबर १ शिक्षकको अनुपातमा दरबन्दी थप कायम गर्ने

५. विद्यालयको आधारभूत तह ६–८ मा न्यूनतम विद्यार्थी संख्याको आधारमा दरबन्दी नभएको खण्डमा प्रा.वि. १–५ मा बढी भएको दरबन्दी लाई समेत गणना गरिनेछ

६.कक्षा ६–८ मा ३० भन्दा कम विद्यार्थी भएमा तह घटाई समायेजन गरिनेछ ।

७. आधारभूत तहमा कक्षा ६–८ (तीन वटै) कक्षा सञ्चालन भए मात्र आधारभूत तहको रुपमा गणना गरिनेछ

**ङ) कक्षा १–१० सञ्चालित सामुदायिक विद्यालयको अवस्थामा :**

**१.शिक्षा नियमावली २०५९ संशोधन सहितको अनुसूचिमा उल्लेखित न्यूनतम प्रा.वि.३,नि.मा.वि.४ र मा.वि.५** (अंग्रेजी ,गणित/विज्ञान,नेपाली ,सामाजिक १/१) दरबन्दी कायम गर्ने ।

**२. तहगत** रुपमा दरबन्दी थपघट गर्दा माथि उल्लेखित आधार अनुसार गर्ने

३. प्रा.वि.,नि.मा.वि.र मा.वि तहको अनुमति लिएको ३ शैक्षिक सत्र पुरा नभएको विद्यालयमा दरबन्दी कायम नगर्ने

४. विद्यार्थी संख्या २०० भन्दा बढी भएको खण्डमा ४५ जना विद्यार्थी बराबर एक शिक्षकको अनुपातमा दरबन्दी कायम गर्ने

५. विद्यालयको मा.वि.तहमा न्यूनतम विद्यार्थी संख्याको आधारमा दरबन्दी नभएको खण्डमा प्रा.वि. र आधारभूत तहमा बढि रहेको दरबन्दी समेत गणना गरिनेछ ।

**च) कक्षा ११–१२ सञ्चालित सामुदायिक विद्यालयको अवस्थामा :**

१.माध्यमिक तह कक्षा (११ –१२ ) का लागि शिक्षक दरबन्दी मिलान तथा समायोजन अब प्राप्त हुने दरबन्दी र निर्देशिकाको आधारमा गर्ने

**छ) प्रारम्भिक बालविकास कोटा सम्बन्धमा :**

१.प्रारम्भिक बालविकास कोटा कायम गर्दा ३० विद्यार्थी बराबर १ कोटा गर्ने ३० भन्दा बढि विद्यार्थी भएको अवस्थामा विद्यालयमा २ कोटा रहेको भए २ कोटा नै कायम गर्ने

२.कुनै विद्यालयले निजि स्रोतमा सशुल्क नर्सरी ,एल.के.जी,यु.के.जी.अंग्रेजी माध्यममा सञ्चालन गरेको छ भने थप कोटा प्रदान नगर्ने तर उक्त कक्षा का विद्यार्थी संख्या बालविकासमा गणना गरिने

## परिच्छेद ५

## विविध

९. पारस्परिक सरुवाको लागि विद्यालय व्यवस्थापन समितिको सहमतिमा काज सरुवा गर्न सकिनेछ।
१०. खारेजी तथा तह मिलान गरिएका विद्यालयका कटौती भएका दरवन्दीमा कार्यरत विद्यालयका शिक्षकहरुले काज सरुवाको लागि माग गरिएको सुचना बमोजिम निवेदन नहालेमा यस्ता शिक्षकहरुलाई गाउँकार्यपालिकाले आवश्यक स्थानमा खटाउन सक्नेछ।
११. यस कार्यविधि बमोजिम भएको काज सरुवा अर्को व्यवस्था नभए सम्मको लागि लागु हुनेछ।
१२. शिक्षक काज सरुवाको निवेदनको ढाँचा यसै कार्यविधिको अनुसुचि १ बमोजिम हुनेछ।
१३.यस गाउँपालिका भित्र रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा आवश्यकताको आधारमा जुनसुकै प्रकृतिको शिक्षकलाई गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा आन्तरिक सरुवा गर्नसक्नेछ।
१४. यस गाउँपालिका भित्र रहेका गाउँपालिकाको अनुदान कोटामा नियुक्ति भएका कम्प्युटर शिक्षकहरुको च्भ क्पर्षी त्भकत भहक लिई उत्तिर्ण योग्यता क्रमको आधारमा विद्यालयहरुमा नियुक्ति गर्नसक्नेछ।
१५.यस गाउँपालिका भित्रका गाउँपालिका अनुदान कोटामा रहेका बाल सहजकर्ताको योग्यता प्रविणता प्रमाण पत्र वा सो सरह हुनेछ।
**१६. संशोधन एवम हेरफेर :**
क) यस कार्यविधिमा संशोधन एवम हेरफेर गर्न आवयक ठानेमा तमानखोला गाउँपालिका गाउँकार्यपालिकाले आवश्यक संशोधन एवम हेरफेर गर्न सक्नेछ।
ख) यस कार्यविधिमा उल्लेख नभएको कुराहरुको हकमा आवश्यक परेको खण्डमा शिक्षा ऐन २०२८ ,शिक्षा नियमावली २०५९ र शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार हुनेछ।

आज्ञाले,
ईश्वरलाल शाक्य
प्रमुख प्रशासकीय अधिकृत